

# हिमालयन डिष्टिलरी लिमिटेड

## १७औं वार्षिक प्रतिवेदन

## २०७३/७४


Original, Deep & Smooth
Royal Treasure Premium Whisky is a smooth, complex blend of golden Scottish malts and handpicked grain spirits from Nepal. From the delicious smoky bouquet to the rich creamy body, this blended malt gives a taste of royalty from start to finish.
In the year 1745
A large amount of gold was sent from Spain and France to fund the Scottish rebellion. The treasure was mysteriously lost mid-way and is believed to still be hidden in Scotland. Till date, nobody has ever found the royal treasure...
ROYAL TREASURE
Premium
WHISKY
CRAFTED AND FILTERED AT THE HIMALAYAN DISTILLERY
A BLEND OF IMPORTED SCOTCH MALTS AND SELECT GRAIN SPIRITS
Aged in Oak Casks
Original
DEEP&SMOOTH TASTE
1745
Your friends from Jawalakhel remind you to celebrate responsibly.

# संचालक समिति



श्री अखिलेश्वर प्रसाद सिंह
**अध्यक्ष**



श्री नरेन्द्र कुमार बस्न्यात्
**संचालक**



रहिशा शाह श्रेष्ठ
**संचालक**



श्री शंकर राज पाण्डे
**संचालक**
(सर्ब साधारण शेयरधनी समुह)



श्री सान्टु श्रेष्ठ
**संचालक**
(सर्ब साधारण शेयरधनी समुह)



श्री प्रकाशमणी घिमिरे
**स्वतन्त्र संचालक**

# हिमालयन डिष्टिलरी लिमिटेड

**विरगन्ज म.न.पा.–२१, लिपनि विर्ता पर्सा, नेपाल**

आदरणीय शेयरधनी महानुभावहरु,

### विषय : १७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको मिति २०७४ साल कार्तिक २९ गते वुधवारका दिन वसेको संचालक समितीको बैठकको निर्णयानुसार कम्पनीको सत्रौं **वार्षिक साधारण सभा** देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ ।

### छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७३/०७४ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर समेत प्रति शेयर रु.२१।०५(एकाईस रुपैया पांच पैसा) का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने ।

४. आ.व.२०७४/०७५ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट सिफारिस भई आएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ ) ।

५. मिति २०७४ आश्विन १५ गते देखि मंसिर २८, २०७४ सम्म संचालक समितिले गरेका कार्यहरु र संचालक समितिका सदस्यहरुको कार्यकाललाई समर्थन तथा अनुमोदन गर्ने ।

६. कम्पनी र जावलाखेल ग्रुप अफ इण्डष्ट्रिज प्रा.लि., फुड एण्ड वेभरेज टेक्नोलोजि रिसर्च सेन्टर प्रा.लि. र जे.जि.आई. डिष्ट्रिव्यूसन प्रा.लि. वीच भएका ३(तीन) सम्झौताहरुलाई स्विकृत गर्ने ।

७. संचालक समितिमा रहने संस्थापक समुहबाट तीन(३) जना र सर्व साधारण समुहबाट २(दई) जना संचालक सदस्यहरुको निर्वाचनद्धारा चयन गर्ने ।

### विषेश प्रस्तावहरुः

८. आ.व.२०७४।०७५ को लागि कम्पनी ऐंन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

९. विविध ।

मिति : २९, मंसिर २०७४ (तदनुसार शुक्रवार, १५ डिसेम्वर, सन् २०१७)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनिविर्ता, पर्सा ।
समय : विहान ठिक १०:०० बजे । हुने

## साधारण सभा सम्बन्धि जानकारी :

१. यस कम्पनीको मिति २०७४ मंसिर १५ गते देखि २०७२ मंसिर २९ गते सम्म पूर्ण रुपमा शेयरधनी दर्ता किताब बन्द गर्ने गरिने छ। नेपाल स्टक एक्चेन्ज लिमिटेडमा मिति २०७४ मंसिर ११ गते सम्म कारोवार भई २०७४ मंसिर १४ गते भित्र सि.डि.यस. क्लियरिङ्ग लिमिटेड मार्फत यस कम्पनीका शेयर रजिष्ट्रर नविल ईन्भेष्टमेण्ट वैकिङ्ग लिमिटेडमा प्राप्त भएका शेयरनामसारी तथा दाखेल खारेजको आधारमा शेयरधनी दर्ता कितावमा दर्ता कायम भएका शेयरधनीहरुले कम्पनीको सत्रौं वार्षिक साधारण शभामा भाग लिन र वितरण गरेको नगद लाभांस पाउनका लागि योग्य हुने र सो सभाले स्विकृत गरेको नगद लाभांस लिन योग्य हुनेछन।

२. कम्पनीको आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदनहरु, प्रोक्सी फर्म, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक/कुरियर्स मार्फत पठाउने व्यवस्था मिलाइएको छ। कारणवश कसैलाई प्राप्त नभएको भए कम्पनीको रजिष्टर्ड कार्यालय,पर्सावाट शेयरधनीको प्रमाण प्रस्तुत गरी उक्त प्रतिवेदनहरु प्राप्त गर्न सकिने छ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेश–पत्रका साथ साथै शेयर प्रमाण पत्र वा नेपाल सरकारबाट जारी भएको फोटो टासिएको परिचय खुल्ने प्रमाण अनिवार्य ल्याउनु हुन अनुरोध गरिन्छ।

४. सभा हुने दिन सभा शुरु हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भई दिनु हुन अनुरोध गरिन्छ।

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ७ बजे देखि विहानको १०:०० बजे सम्म खुला गरिनेछ। त्यस पछि पूर्ण रुपमा बन्द गरिनेछ।

६. नावालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ।

७. प्रतिनिधि (प्रोक्सी)नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत ब्यक्तिको दस्तखत भएको हुनु पर्नेछ। संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र गर्नु पर्नेछ।

८. संचालकहरुको निर्वाचन सम्वन्धि विस्तृत कार्यक्रमहरु निर्वाचन अधिकृतको कार्यालय, विरगन्ज पर्साले कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा प्रकाशित गरे अनुसार हुनेछ।

९. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ। सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरि सके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन। सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वत: रद्द हुनेछ।

१०. सभा सम्वन्धि जानकारी लिनु परेमा कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिने छ।

११. विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिका अध्यक्षलाई जानकारी दिनु पर्नेछ।

१२. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्क्ष्यले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ।

१२. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिकाका एकल सदस्य वा सामुहिक रुपमा वा संचालक समितिको निर्देशनमा कम्पनी व्यवस्थापनका प्रतिनिधीहरुले जवाफ दिईनेछ।

आज्ञाले,
कम्पनी सचिव

**श्री संचालक समिति,**
**हिमालयन डिष्टिलरी लिमिटेड ।**

**बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

.............................. जिल्ला ..................................... न. पा. /गा.वि.स. वडा नं ......... बस्ने म/हामी .......................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७४ साल मंसिर २९ गते शुक्रवारवारका दिन हुने सत्रौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल, निर्वाचन तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले मेरो तर्फबाट उक्त सभामा भाग/मतदानमा सरिक हुन/छलफल तथा निर्णयमा सहभागी हुन लागि ............................जिल्ला .......................................... न.पा./गा.वि.स .........................वडा नं .........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ...............................................शेयर प्रमाण पत्र नं.........................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको ब्यक्तिको
हस्ताक्षरको नमूना :

निवेदक,
हस्ताक्षर :
नाम:
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं..................देखि ................सम्म ।
मिति :

नोट : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय विरगन्ज म.न.पा. वार्ड नं. २१, लिपनि विर्ता पर्सामा पेश गरि सक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

(कृपया यहां काटनु होला)

**हिमालयन डिष्टिलरी लिमिटेडको सत्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

**प्रवेश–पत्र**

शेयरधनीको नाम ...........................................................................................
शेयरधनीको सही .............................. प्र.प.न. ..............शेयर संख्या नं .................देखि ............... सम्म
जम्मा .......................थान ।

हिमालयन डिष्टिलरी लि.को मिति २०७४/८/२९ गते शुक्रवारका दिन हुने सत्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

...............
(कम्पनी सचिव)

द्रष्टब्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ)

# हिमालयन डिष्टिलरी लिमिटेड

## सत्रौं वार्षिक साधारण सभामा

## संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको सत्रौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितीको तर्फबाट र स्वयं मेरो तर्फबाट हार्दिक स्वागत गर्दछु । म यस कम्पनीको मिति २०७४ साल अषाढ १८ गते वसेको संचालक समितिको निर्णय अनुसार अध्यक्षमा नियुक्ती भई कार्यारत रहेको समेत यस सभामा अवगत गराउन चाहन्छु । अव म २०७४ साल अषाढ मसान्त सम्मको कम्पनीको वासलात, आर्थिक वर्ष २०७३।०७४ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विबरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभाको स्विकृतका लागि प्रस्तुत गर्दछु । साथै यस सभामा पेश भएका प्रस्तावहरु उपर यहांहरुबाट गहन छलफल भई प्रस्तुत प्रस्तावहरु स्वीकृत हुने नै छन् भन्ने आत्माविश्वास लिएको छु ।

म संचालक समितिको तर्फबाट कम्पनीबाट गत वर्ष सम्पादन भएका मुख्य मुख्य कार्यहरुको समिक्षा तथा भावी कार्यक्रमहरु यहांहरु समक्ष प्रस्तुत गर्दछु ।

### १. आर्थिक वर्ष २०७३/०७४ को कारोबारको सिंहावलोकन :–

आर्थिक वर्ष २०७३/०७४ मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

| विवरण | आ.ब. २०७३/७४ को अनुमानित (Projected) स्विकृत वार्षिक बजेट(रु.) | आ.ब.२०७३/७४ को बास्तविक नाफा नोक्सान विबरण (रु.) |
|---|---|---|
| विकी | १,९२,६८,९६,८९४.०० | १,३४,७८,७१,१५२.०० |
| कुल लागत खर्च | १,२०,०९,८९,०६१.०० | ८५,७३,५४,४४१.०० |
| कूल संचालन नाफा | २२,०७,६८,६४१.०० | ९,६६,४०,४८१.०० |
| कर्मचारी खर्च व्यवस्था पुर्वको नाफा | १९,८०,८८,६४१.०० | ८,०९,७८,३५१.०० |
| आयकर व्यवस्था पूर्वको नाफा | १८,००,८०,५८३.०० | ७,०३,३१,८६५.०० |
| आयकर पछिको नाफा | १२,६०,५६,४०८.०० | ४,८८,६८,०६६.०० |

कम्पनीले यस आर्थिक बर्षमा रु.४,८८,६८,०६६।००(अक्षरुपी चार करोड अठासी लाख अठसट्ठी हजार छैसट्ठी ) मात्र खुद मुनाफा गरेको छ ।

### २. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :–

(क) यस आर्थिक वर्षको अन्तिम तिर कारखानामा काम गर्ने मजदुरहरुबाट भएको कारखाना संचालनमा अवरोधका कारणबाट कम्पनीको उत्पादन सम्वन्धि कार्य एवं आर्थिक कारोवारमा असर परेको छ ।

(ख) कम्पनीले आफनो उत्पादनमा प्रयोग गर्ने मदिराको मुख्य कच्चा पदार्थ स्प्रिट उत्पादनमा मजदुरहरुले गरेको आकश्मिक कारखाना वन्दको प्रभावले गर्दा माग अनुसारको उत्पादन हुन सकेन । यस कारणले गर्दा आन्तरिक उत्पादनमा कमी भई आयतमा वृद्धि हुन पुगेको र सो कार्यले आयतित स्प्रिटको बजारमा स्थापित हुने मौका मिलेको देखिएको छ ।

(ग) उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ एवं प्याकेजिङ्ग मेटेरियल्सहरु जस्तै बोतल, लेवल, बिर्को, कार्टुन, मोनो कार्टुन जस्ता वस्तुहरु छिमेकी देश भारत तथा भारत हुदै आयात गर्नु पर्ने, उक्त वस्तुहरुमा समेत भारत सरकारले जि.यस.टि.लागु गरेको र उल्लेखित सामानहरु भंसार विन्दु सम्म आई पुगनको लागि निकै समय लाग्ने देखिएका कारणले गत वर्षको उत्पादनमा थप समस्या भोग्नु परेको थियो ।

(घ) यस कम्पनीले सम्बन्धित निकायहरुमा बारम्बार लिखित उजुरी दिदा दिदै पनि गत वर्ष झै यस वर्ष पनि कम्पनीबाट उत्पादित मदिराको प्याकेजिङ्ग तथा लेवलिङ्गको नक्कल गरी कम्पनीले उत्पादन गरेको व्राण्डको विक्री वितरणमा असर पुग्ने गरी अन्य मदिरा व्यवसायीहरुले अवैध रुपमा कारोवार गरि दिदां हाम्रा उत्पादनको बिक्रि वितरण बृद्धिमा प्रतिकुल प्रभाव परेको छ । यस्तो कार्य नरोकिने हो भने भविश्यमा समेत असर परि रहने देखिन्छ । यद्यपी हालै सम्पन्न चुनावले स्थानीय सरकारका सम्वन्धित निकायहरुमा जन प्रतिनिधीहरु चयन भई तिनीहरुले कार्य गर्न थालि सकेका हुनाले यस तर्फ ठोस कदम लिई सुधार हुने विश्वास हामीले लिएका छौं ।

(ङ) यस कम्पनीले गत वर्ष देखि उत्पादन गरेको उच्च स्तरको **Royal Treasure** नामक मदिराको विक्री वितरणमा कम्पनीले लिएको लक्ष्य अनुरुप विक्री गर्न नसकिएको, उक्त व्राण्डले उपभोक्तामा पहिचान बनाउन नसकेको तर्फ सचेत हुदै कार्य गरि रहे पनि यसको विक्रीमा कमी आएको छ । सो सुधारका लागि निरन्तर रुपमा कम्पनी प्रयासरत रहेको छ ।

## ३. प्रतिवेदनको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा :

(क) आर्थिक बर्ष २०७३/७४ को प्रथम तीन महिनाको तुलनामा आर्थिक बर्ष २०७४/७५ को बिक्रि वितरणमा बृद्धी भएको छ । जस सम्बन्धि बिवरण तपसिलमा उल्लेखित छ ।

| महिना | आ.ब. २०७३/७४ | आ.ब. २०७४/७५ |
|---|---|---|
| श्रावण देखि आश्विन मसान्त सम्म | रु.२२,०५,६३,४७१।०० | ३४,८९,२१,८५९।०० |

कम्पनीले उत्पादन गरेको गोल्डन ओक नामक व्राण्डको मदिराको माग र विक्री बृद्धि हुन गएकोले गत वर्ष भन्दा यस वर्षको प्रथम तीन महिनामा कम्पनीको कारोवारमा बृद्धि भएको छ ।

(ख) कम्पनीले व्यवस्थापन संग सम्वन्धित कार्यहरु गर्नका लागि जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.संग सम्झौता सम्पन्न गरि कार्य गरि रहेको शेयर धनीहरुलाई विदितै छ । कम्पनी व्यवस्थापन सम्वन्धि कार्य गर्नका लागि जावलाखेल ग्रुप अफ ईण्डट्रिजलाई दिईने भुक्तानीमा अधिक वृद्धि देखिए पनि कम्पनी व्यवस्थापनका कर्मचारीहरु अधिक कटौति भई यस तर्फको खर्चमा मितव्ययिता भएको शेयरधनीहरुलाई जानकारी गराउन चाहान्छौं । उक्त कम्पनी संग भएको सम्झौतालाई २०७६ साल अषाढ मसान्त सम्म निरन्तरता दिनका लागि सम्झौता सम्पन्न गरि स्विकृतीका लागि यसै सभामा पेश गरेका छौं । सो सम्झौतालाई यस सभाबाट स्विकृत हुने अपेक्षा समेत लिएका छौं ।

(ग) जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. मार्फत कम्पनीमा कार्यरत कर्मचारीहरुको त्रैमासिक, अर्ध बार्षिक र वार्षिक रुपमा कार्य संम्पादन मुल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिएका छौं । यसलाई अझ वढि प्रभावकारी बनाउन HR Appraisal Software(ERP) जडान कार्य गरी कार्यको सुरुआत गरि सकेका छौं ।

(घ) कम्पनीको व्यवस्थापन प्रणाली, वातावरण, उत्पादन प्रकृया, कर्मचारी तथा उपभोक्ताहरुको जन स्वास्थ्य प्रति निरन्तर रुपमा सजग रहदै यसलाई अझ बढी प्रभावकारी रुपमा सम्पादन गर्दै जाने क्रममा बिभिन्न किसिमका अन्तराष्ट्रिय गुणस्तर प्रमाणीरणका कार्यहरु समाप्त गरि प्रमाणित समेत भएका छौं । यसबाट कम्पनीको Efficiency मा बृद्धि हुने एवं जनमानसमा कम्पनी प्रतिको विश्वास अझ् बढन जाने अपेक्षा सदा झै गरेका छौं ।

(ङ) उपभोक्ताहरु संग प्रतक्ष्य सम्वन्ध स्थापित गरी राय सुझाव संकलन गर्ने अभिप्रायले स्थापना भएको सर्वेक्षण विभाग CCD (Customer Care Department) लाई अझ व्यापक र विस्तृत रुपमा जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज

प्रा.लि.को सहकार्यमा अगाडि वढाई कम्पनीका उत्पादनहरु प्रति सम्वन्धित उपभोक्ताको धाराणा प्राप्त गरी सो अनुरुप कार्य गर्न अगाडि वढ्ने लक्ष्यलाई निरन्तरता दिएका छौ ।

(च) कम्पनीले उत्पादनको कार्यमा प्राथामिकता दिई प्रतिफल प्राप्त नहुने क्षेत्रमा गरिने खर्चहरुलाई निरुत्साहित गरी अनुत्पादक र प्रतिफल विहिन कार्यको लागि गरिने खर्चलाई कटौति गर्दै आएका छौं । उत्पादकत्व बृद्धि हुने र प्रतिफल दिने कार्यको पहिचान गरि लगानी वढाउने र कम्पनीका लगानीकर्ताहरुलाई अझ लाभ दिलाउने कार्यमा प्रयत्नशील छौं ।

(छ) स्प्रिट प्लाण्ट, टर्वाईन, हस्क व्योइलर, ग्रेन हयाण्डलिङ्ग युनिट आदि साथै कम्पनीले जडान तथा संचालन गर्ने भनी कार्य गरि रहेको डि.डि.जि.यस./पावर जेनेरेशनको सम्भाव्यता अध्ययनका लागी विदेशी परामर्शदाताबाट प्राविधिक अध्ययन गराई प्राप्त राय सुझावलाई आर्थिक रुपमा सम्भव भए सम्म कार्यान्वयन गर्दै जाने नीतिलाई निरन्तरता दिएका छौं ।

(ज) विगतमा जस्तै कारखानामा काम गर्ने कामदार र कर्मचारीहरुको कार्य कुशलता र कार्यगत एकता कायम गर्नका लागि आवश्यक्तानुसार तालिम, सेमिनार, भेला, बनभोज जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै यस्तो कार्यबाट कम्पनी र कामदार कर्मचारी वीच कार्यगत एकता भै कम्पनीको उत्पादकत्व बृद्धि हुने विश्वास लिएका छौं । गत वर्ष कम्पनीको कारखानामा काम गर्ने कामदारहरुबाट भएको अपरझट कारखानाको बन्दको सम्वन्धमा संचालक समितिमा अवगत भएको र यस्ता कार्यहरु पुनः हुन नदिनका लागि कम्पनी सजग रहेको छ ।

(झ) बजारको माग र उपभोक्ताको चाहाना अनुरुपका ब्राण्डहरु ल्याउदै जाने नीति अनुरुप कम्पनीले २५ यु.पि.शक्तिमा Royal Treasure नामक मदिरा गत वर्षको आश्विन देखि उत्पादन गरी बजारमा विक्री वितरण गर्दै आएका छौं । उक्त व्राण्डको विक्री लक्ष्य हासिल गर्नको लागि कम्पनीको वजार व्यवस्थापक प्रयासरत रहेको जानकारी यस सभामा गराउदछौं । विभिन्न उद्योगहरुले उत्पादन गरेका प्रतिस्पर्धि ब्राण्डका मदिराहरुलाई विस्थापित गर्ने लक्ष्यका साथ नयां उत्पादन ब्लाक ओक नामक मदिरा उत्पादन गरि बजारमा ल्याउने लक्ष्यका साथ कार्य गरिरहेको र सो ले केहि मात्रमा भए पनि कम्पनीको कारोवारमा साकारात्मक प्रभाव पार्ने अपेक्षा लिएका छौं । यसबाट बिभिन्न तहका बिक्रेताहरुले पर्याप्त ब्यपारको अवसर पाउने छन् । यसबाट नेशनल डिष्ट्रिव्यूर्टस, डिष्ट्रिव्यूटर्स, होलसेलर्स र रिटेलर्स संगको व्यवसायिक सम्वन्ध अझ सुदृढ र शसक्त हुदै जानेमा समेत विश्वास लिएका छौं ।

## ४. औद्योगिक र व्यवसायीक सम्वन्धमाः–

(क आर्थिक अवस्थालाई अझ सुदृढ पार्ने हेतुले वैंक तथा वित्तीय संस्थाहरु, नेशनल डिष्ट्रिव्यूर्टस, डिष्ट्रिव्यूटर्स, होलसेलर्स र रिटेलर्ससंगको सम्वन्धमा सुदृढ हुने आशा लिएका छौं ।

(ख) कम्पनीका लागि आवश्यक कच्चा पदार्थ तथा प्याकेजिङ्ग म्याटेरियल्सहरु सप्लाईमा व्यवधान नआओस् भन्नका लागि वैकल्पीक सप्लायर्सहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिएका छौं । यस्तो कार्यले कम्पनीको सप्लाईमा कुनै अवरोध नहुनका साथ साथै प्रतिष्पर्धी दर रेट तथा गुणस्तरीय सामानहरु प्राप्त हुने विश्वास लिएका छौं ।

(ग) वातावरण प्रदुषणँ प्रतिको प्रचलित कानुनी एवं सामाजिक दायित्वलाई पूर्ववतः पालना गर्दै जानु पर्ने आवश्यक्तालाई मध्यनजर गरी ETP मा Geo Membrane Replace गर्ने कार्य सम्पन्न गरेका छौं । साथै खेर गएका वस्तुलाई समेत पुनः प्रशोधन गरी त्यसबाट लाभ लिन सकियोस् भन्नका लागि Decanter जडान गरी Wet Cake उत्पादन,विक्री वितरण गरि रहेका छौं । विकल्पको रुपमा डिष्टिलेशनबाट निश्कने Effluent बाट उर्जा उत्पादन गरि सो बाट बाकि रहने तरल बस्तुलाई आफ्नै जग्गामा व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन भइरहेको छ । यसका लागी धेरै जग्गाको आवश्यकता पर्ने हुदा सो को प्रबन्ध गरि सकेका छौ । यसबाट Cross Border Contamination को सम्भावना नरही वातावरण संरक्षणमा सहयोग पुग्ने र स्थानीय जनता संगको सम्बन्ध सुमधुर हुने विश्वास लिनका साथ साथै स्थानीय स्तरमा वातावरण स्वच्छ राख्नका लागि सहयोगको अपेक्षा समेत गरेका छौँ ।

(घ) साविक वर्षहरुमा जस्तै कम्पनीले यस वर्ष पनि वातावरण तथा समाज प्रतिको उत्तरदायित्वलाई प्राथमिकतामा राखेका छौं । यसका लागि कम्पनीले नेपाल सरकारका स्थानिय निकायहरु, स्थानीय क्लवहरु, सामाजिक संस्था, खेलकुद सम्बन्धि क्षेत्रहरु तथा धार्मिक संस्थाहरु साथ साथै राजनैतिक दलहरु संग समन्वय गरी प्रभावकारी रुपमा कार्य गर्दै आएका छौ ।

## ५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारणः–

सोह्रौं वार्षिक साधारण सभाको निर्णय कार्यन्वयन गर्ने क्रममा यस आ.व.को अन्तिम समयमा संचालक समितिमा केहि हेरफेर तथा संचालक सदस्यको शंख्यामा थपघट गरिएको छ ।

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :–

(क) विदेशी मदिरा तथा स्प्रिटको आयात वढ्दै जादा प्रतिस्पर्धात्मक अवस्था जटिल हुदै जानु .

(ख) हाल प्रचलित कानूनको कार्यान्वयनका पद्धतिहरु समय सापेक्ष र तदारुकतामा कमी हुदा उपभोक्ताहरुलाई भुक्याउने उद्धेश्यले कम्पनीका व्राण्डहरुको उत्पादन हुनु साथै अवैध मदिराहरुको कारोवारमा समेत बृद्धि हुनु ।

(ग) मदिराजन्य वस्तुको ईलोक्ट्रोनिक मेडिया तथा होडिङ्गवोर्ड मार्फत प्रचार प्रसारमा रोक लगाउने क्रम बढदै जानाले उपभोक्तामा सूचना नपुग्नु ।

(घ) अधिकांश कच्चा पदार्थहरु भारतबाट आउने गरेको, उक्त सामानहरु समयमा जि.यस.टि.कारणबाट उत्पादन स्थलमा समयमा प्राप्त नहुदा उत्पादनमा असर पर्नु ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :–

लेखा परीक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको ब्यहोरा अनुरोध छ ।

## ८. नगद लाभांस बाँडफाँड गर्न सिफारिस गरिएको प्रतिशत :–

कम्पनीले यस वर्ष आर्जन गरेको खुद मुनाफा र गत बर्षको वासलातमा रहेको Retained Earning समेतबाट लाभांस भुक्तानीमा लाग्ने कर समेत गरी प्रति शेयर रु.२१।०५ (एकाई रुपैया पांच पैसा) का दरले नगद लाभांस शेयरधनीहरुलाई वितरण गर्ने सिफारिस गरेका छौं । संचालक समीतिको लाभांस वितरणको प्रस्तुत सिफारिसलाई स्वीकृतीका लागी अनुरोध समेत गर्दछु ।

अन्त्यमा २०६६ साल भाद्र १५ देखि गत अषाढ १७ गते सम्म यस कम्पनीको संचालक समितिको अध्यक्ष भई कम्पनीको उत्थानमा अतुलनीय योगदान पुरयाई कम्पनीका लगानीकर्ता शेयरधनीहरुलाई आफनो कार्यकालमा प्रथम पटक लाभांस समेत दिलाउन सफल नेत्रृत्वदायी भूमिका खेल्नु भएकोमा श्रीमती मारग्रेट टि.जे.शाह ज्यूलाई विषेश आभार प्रकट गर्दै संचालक समितिका तर्फबाट धन्यवाद दिन चाहान्छु ।

सदा झै शेयरधनी महानुभावहरुबाट कम्पनीलाई सहयोग प्राप्त भैरहने आशा एवं विश्वास ब्यक्त गर्दै कम्पनीलाई सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका विभिन्न निकाय, कर्मचारीहरु, कम्पनीका कामदार कर्मचारीहरु, सप्लायर्सहरु, वितरकहरु, उपभोक्ताहरु, शेयरधनिहरु र शुभ चिन्तक लगायतका सम्पूर्ण महानुभावहरुलाई संचालक समिति तथा मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।
संचालक समितिको तर्फबाट
श्री अखिलेश्वर प्रसाद सिंह
अध्यक्ष

# कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण :
## (आर्थिक बर्ष २०७३/७४)

१. **शेयर जफत सम्बन्धि बिवरण :** यस आर्थिक बर्षमा कुनै पनि शेयरहरु जफत गरिएको छैन ।

२. **कम्पनी र सहायक कम्पनी बीचको कारोबार :** यस कम्पनीको कुनै सहायक कम्पनीहरु नभएको साथै कारोवार समेत भएको छैन ।

३. **कम्पनीका आधारभुत शेयरधनिहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :** यस्तो कुनै जानकारी यस प्रतिवेदनको अवधि सम्म प्राप्त भएको छैन ।

४. **गत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको बिवरण :** प्रस्तुत अवधिमा कुनै पनि कम्पनीका संचालक वा पदाधिकारीले थप कम्पनीको शेयरको स्वामित्व लिएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

५. **कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तीगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा :** गत वर्षहरुमा भएको वार्षिक साधारण सभाले गरेको निर्णय अनुसारको कार्यलाई निरन्तरता दिएको र आगमि वर्षमा समेत सो कार्यलाई निरन्तरता दिने उद्धेश्य राखेका छौं ।

६. **बाई ब्याक गरिएका शेयरको बिवरण :** कम्पनीले आफ्ना शेयरहरु आफैले वाई ब्याक गरेको छैन ।

७. **आन्तरीक नियन्त्रण व्यवस्था :** कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ । आन्तरीक नियन्त्रण व्यवस्थामा अबलम्बन गरिएका मुख्य प्रकृयाहरु निम्नानुसार रहेका छन ।

क. मजबुत आन्तरीक लेखा परीक्षण, निरिक्षण र नियन्त्रण प्रणाली अपनाईएको छ ।

ख. कम्पनीको आन्तरीक लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य त्रैमासिक रुपमा नियमित भई रहेको निजहरुले दिएको प्रतिवेनदलाई लेखा सुमिती तथा संचालक समितिमा पेश गरि छलफल गरिने र प्राप्त निर्देशन बमोजिम कार्य गरि रहेका छौं ।

ग. वार्षिक लक्ष्यलाई प्राथमिकता साथ हेरी सो अनुसार कार्य भए नभएको सम्वन्धमा तुलनात्मक अध्यन गर्ने गरिएको छ ।

घ. उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरिक राजश्व कार्यालयबाट पूर्णकालिन कर्मचारी खटाई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएको छ ।

ङ. कामदार तथा कर्मचारीको हितका लागि भैपरि आउने दुर्घटनाबाट कसरी बच्ने, बचाउने सम्वन्धि तालिम, काम गर्दा अपनाउनु पर्ने सावधानीहरु आदीका विषयमा प्रयोगात्मक एवं शैद्धान्तिक तालिमहरु, कामदार तथा कर्मचारीहरुको स्वस्थमा प्रत्यक्ष असर नपरोस् भन्नका लागि आवश्यक स्वस्थ्य सम्वन्धि सामाग्रीहरुको वितरण जस्ता कम्पनीका गतिविधिहरुले कार्यगत एकता एवं वातावरण मैत्री बनाउनेमा सहयोग पुगेको महसुस गरिएको छ । साप्ताहिक रुपमा कारखाना व्यवस्थापन र कम्पनी व्यवस्थापन वीच वैठक राखी भए गरेका कार्यको विवरण, कम्पनीले लक्ष्य हासिल गर्नका लागि उपयुक्त वैकल्पीक उपायको अवलम्वन, देखिएका समस्याहरुको निराकरणको लागि कारखाना र सम्पर्क कार्यालय वीच नियमित छलफल एवं प्रतक्ष्य सम्पर्कबाट गतिविधी बुझ्न सजिलो भएकोछ ।

च. कम्पनीले सामाजिक उत्तरदायित्व बहन गर्नका लागि विभिन्न क्लव, शैक्षिक संस्था, धार्मिक संस्था जस्ता संस्था संग समन्वयन गरी यथासंम्भव सहयोग गरि रहेका छौं ।

८. **समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च :**

| बिवरण | रुपैया |
|---|---|
| कर्मचारी | रु.२,८८,१६,२२८।०० |
| कार्यालय संचालन खर्च | रु.७,११,८८,३०६।०० |
| जम्मा व्यवस्थापन खर्च | रु.१०,००,०४,५३४।०० |

९. **लेखा परीक्षण समितिको सदस्यहरुको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको विबरण :**

क. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली : लेखा परीक्षण समितीमा निम्नानुसारका सदस्यहरु रहनु भएको छ ।

१. श्री अखिलेश्वर प्रसाद सिंह
२. श्री सान्टु श्रेष्ठ
३. श्री शंकर राज पाण्डे
४. श्री नरेन्द्र कुमार वस्न्यात्
५. श्री प्रकाशमणी घिमिरे

ख. लेखा समितिको सदस्यहरुलाई रु.१०,०००/- (कर सहित) प्रति बैठक भत्ताको व्यवस्था गरिएको छ ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

(१) प्रत्येक त्रैमासिक अबधिको कम्पनीको आर्थिक प्रगति विवरण, आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न गराउन निर्देशन दिने गरेको ।

(२) कम्पनीको आर्थिक अवस्था र अन्य अवस्थाहरुको जानकारी र सुधार गर्ने उद्धेश्यले त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको ।

(३) कम्पनीको लेखा समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको ।

(४) लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरु लेखा समितिले दिने गरेको ।

(५) कम्पनीको अलेखापरीक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको बिवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र विक्रिको तुलनात्मक विबरण सहितको बिवरणहरु माग गरी समिक्षा गर्ने कार्य गरेको ।

(६) कम्पनीको वार्षिक विक्री लक्ष्य, आम्दानी तथा खर्च आदिको समिक्षा गरी कम्पनी व्यवस्थापनलाई आवश्यक सुधारका लागि निर्देशन दिने गरेको ।

(७) कम्पनीको वार्षिक अनुमानित बजेट स्विकृतको लागि संचालक समितिमा सिफारिस गर्ने गरेको ।

१०. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकि भए सो कुरा :**

| | |
|---|---|
| श्री विजय डिष्टिलरी प्रा.लि.बाट लिनु पर्ने | रु.४,२०,७२,४७१।६८ |
| श्रीं जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.वाट लिनु पर्ने | रु.१,०६,५४,९५७।२१ |

श्री विजय कुमार शाह, ल.पु.लाई दिनु पर्ने रु.१,८५,४६,१२४।५०

श्री रोलिङ्ग रिभर डिष्टिलर्स प्रा.लि.लाई दिनु पर्ने रु.२,४५,५२,९९०।७०

श्री फुड एण्ड वेभरेज टेक्नोलोजि रिसर्च सेन्टर प्रा.लि.लाई दिनु पर्ने रु. १,३७,१८,२००।००

११. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| कर्मचारीहरुको बिवरण | आ.ब. २०७३/७४ |
|---|---|
| राज बहादुर शाह(प्रवन्ध संचालक) | रु. २९,६८,०००।०० |
| कर्मचारी व्यवस्थापन बापत भएको खर्च | रु.२,०४,१३,२०८।०० |
| **जम्मा खर्च** | **रु.२,३३,८१,२०८।००** |

१२. **शेयरधनीहरुले बुझिलिन बाकि रहेको लाभांशको रकम :** कम्पनीले आ.व. २०७०/०७१ र २०७१।०७२ मा शेयरधनीहरुलाई नगद लाभांस वितरण गर्ने निर्णय भए अनुसार २०७४ असाढ सम्म जम्मा रु. २३,८४,३८२।०० भुक्तानी दिन वाकी रहेको र आ.व. २०७२/०७३ को मुनाफाबाट नगद लाभासको लागि छुट्याईएको रकम कम्पनीका शेयर रजिष्ट्रार श्री नविल ईन्भेष्टमेण्ट वैकिङ्ग लिमिटेडलाई भुक्तानी गरि उक्त कम्पनी मार्फत भुक्तानी भई रहेको छ ।

# AUDITOR'S REPORT TO THE SHAREHOLDERS OF
# HIMALAYAN DISTILLERY LTD.

We have audited the accompanying Statement of Financial Position of **Himalayan Distillery Ltd.** as at Ashadh 31, 2074 (*July 15, 2017*) and the statement of Profit & Loss account, the Statement of Cash Flow and the Statement of Changes in Equity for the year then ended. These financial statements are the responsibility of the Company's management. Our responsibility is to express an opinion on these financial statements based on our audit.

We conducted our audit in accordance with Nepal Standards on Auditing and other generally accepted accounting principles and auditing standards. Those Standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement. An audit includes examining, on a *test basis*, evidence supporting the amounts and disclosures in the financial statements. An audit also includes assessing the accounting principles used and significant estimates made by management, as well as evaluating the overall financial statement presentation. We believe that our audit provides a reasonable basis for our opinion.

On the basis of our examination, we would like to report that:

1. We have obtained all the information and the explanations, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit.
2. In our opinion, proper books of accounts as required by law have been kept by the Company in so far as it appears from our examination of those books of accounts. However, the company has not deposited the gratuity fund in separate account as per Rule 23 of Labour Rule 2049 and Provision for Quarters has not been made as per section 41 of Labour Act, 2048.
3. The Statement of Financial Position, the Statement of Profit and Loss Account, the Statement of Cash Flow and the Statement of Changes in Equity dealt with by this report are in agreement with the books of accounts maintained by the Company.
4. In our opinion and to the best of our information and according to the explanations and from our examination of the books of accounts of the Company, we have not come across the cases where the Board of Directors or any member thereof or any employee of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company or misappropriated the funds of the Company.
5. In our opinion, the financial statements read together with the attached Notes to Accounts comply with Nepal Financial Reporting Standards [NFRS], Company (First Amendment) Act, 2074 and generally accepted accounting principles & practices and give true and fair view, in all material respects:
   a) In case of Statement of Financial Position, of the state of affairs of **Himalayan Distillery Ltd.** as at Ashadh 31, 2074 (*July 15, 2017*);
   b) In case of Statement of Profit & Loss Account, of the operating results for the year then ended;
   c) In case of the Statement of Changes in Equity, of the changes in equity for the year then ended; and
   d) In case of Statement of Cash Flow Statement , cash flows for the year for the year then ended.

*Place:* ***Kathmandu***

*Date:* ***2074/07/29***

**CA. Ashesh Rajbahak**
*Partner*
G. P. Rajbahak & Co.
Chartered Accountants

# हिमालयन डिष्टिलरी लिमिटेडको

## वित्तिय स्थितीको विवरण

## २०७४ साल आषाढ ३१ (जुलाई १५, २०१७)

| विवरण | अनुसूची | यस वर्ष(रु.) | गत वर्ष(रु.) |
|---|---|---|---|
| गैर चालु सम्पत्ति | | | |
| जायजेथा, प्लान्ट र उपकरण | १ | ६०८,७३७,६१४ | ५३९,३७६,७९२ |
| पुंजीगत कार्यप्रगती | | ३६,७१५,९०१ | ५३,६७७,१७३ |
| अदृश्य सम्पत्ती | १ | २,१८२,१७० | ९३,३३३ |
| एमोर्टाईज मुल्यका वित्तिय सम्पत्ती | | | |
| दीर्घ कालिन धरौटी | २ | ९,६२७,६०८ | ९,४९३,१२८ |
| गैर चालु बैंक मौज्दात | ३ | १०५,०३६ | १०५,०३६ |
| **जम्मा गैर चालु सम्पत्ती (ए)** | | **६५७,३६८,३३०** | **६०२,७४५,४६२** |
| चालु सम्पति | | | |
| जिन्सी मौज्दात | ४ | २७७,६९२,५५६ | १७७,८८५,१७४ |
| एमोर्टाईज मुल्यका वित्तिय सम्पत्ती धरौटी | | | |
| ट्रेड र अन्य आसामीहरु | २ | ३४६,२०१ | ५७९,८९९ |
| अग्रिम भूक्तानी र पेश्की | ५ | ५३,७८६,४०९ | १३४,९१८,८०१ |
| नगद तथा नगद सरह | ६ | २४,७१७,५१३ | ३१,३४३,३१६ |
| | ३ | ४,०१२,६५९ | ११,७८०,६५९ |
| **जम्मा चालु सम्पत्ती (बि)** | | **३६०,५५५,३३८** | **३५६,५०७,८४९** |
| **जम्मा सम्पत्ती (ए+बि)** | | **१,०१७,९२३,६६७** | **९५९,२५३,३१२** |
| ईक्विटि | | | |
| शेयर पुंजी | | ३८५,६४५,५०० | ३८५,६४५,५०० |
| संचित मुनाफा | | २७५,५६०,१३५ | ३०८,३५१,४९५ |
| ईक्विटिका अन्य भागहरु | | | |
| कम: घोषित लाभांश | | (८१,१८८,५२६) | (८१,१८८,५२६) |
| जम्मा संचित | | १९४,३७१,६०९ | २२७,१६२,९६९ |
| जम्मा ईक्विटि (सि) | | ५८०,०१७,१०९ | ६१२,८०८,४६९ |
| गैर चालु दायित्व | | – | – |
| सुरक्षित ऋण | | १९,६७७,१६२ | ३०,६८४,९८४ |
| चालु पुंजी वित्तिय व्यवस्थापन | ७ | १७८,०९७,९४४ | ६०,२६३,०९८ |
| अवकाश पछिको सुविधा दायित्व | ८ | २३,६२३,७५८ | २०,२९५,८१९ |
| डिफर्ड कर दायित्व | ९ | ३९,०९४,२५१ | ३७,५२७,८६६ |
| जम्मा गैर चालु दायित्व (डि) | | २६०,४९३,११६ | १४८,७७१,७६८ |
| चालु दायित्व | | | |
| छोटो अवधिको ऋण | | | |
| ट्रेड र अन्य भुक्तानी दिन बांकी | १० | १८,९०८,५०२ | १७,२२५,३८४ |
| आसामीबाट अग्रिम भुक्तानी | ११ | १३९,४५६,३८९ | १२१,३६२,४११ |
| कर्मचारी सुविधाहरुको दायित्व | | ९,६०२,७१४ | ५,०५२,३६६ |
| आयकर बांकी | | ७,०३३,१८६ | ३६,२७६,८९१ |
| | ९ | २,४१२,६५२ | १७,७५६,०२४ |
| **जम्मा जालु दायित्व (ई)** | | **१७७,४१३,४४३** | **१९७,६७३,०७५** |
| **जम्मा ईक्विटी र दायित्व (सि+डि+ई)** | | **१,०१७,९२३,६६७** | **९५९,२५३,३१२** |

वित्तीय विवरणहरु संग सम्वन्धित लेखाका नीति तथा टिप्पणीहरु १८

माथी उल्लेखित अनुसूचिहरु वित्तिय स्थिती विवरणका अभिन्न अंग हुन ।

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| द | द | द | द |
| **सतिश कर्ण** | **शान्टु श्रेष्ठ** | **अखिलेश्वर प्रसाद सिंह** | **सि.ए. अशेष राजबाहाक** |
| **वित्त प्रमुख** | **संचालक** | **अध्यक्ष** | **साझेदार** |
| **मिति : २०७४/०७/२९** | | | **जि.पि. राजबाहाक एण्ड कम्पनी** |
| | | | **चार्टर्ड एकाउण्टेण्टस्** |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

नाफा नोक्सानको विवरण

२०७३ श्रावण १ देखि २०७४ आषाढ ३१ (जुलाई १६, २०१६ देखि जुलाई १५, २०१७) सम्म

| विवरण | अनुसूची | यस वर्ष(रु.) | गत वर्ष(रु.) |
|---|---|---|---|
| विक्रीबाट आम्दानी | १२ | १,३४७,८७१,१५२ | १,६५४,९७७,२४३ |
| विक्रिको लागत मुल्य | १३ | ८५७,३५४,४४१ | ८८६,७३५,१३० |
| **कूल नाफा** | | **४९०,५१६,७११** | **७६८,२४२,११४** |
| अन्य परिचालन आम्दानी | | २५,४२२,७३१ | २०,५७४,१३१ |
| प्रशासनिक खर्चहरु | १५ | १००,००४,५३४ | १०३,५५२,४५५ |
| बिक्री तथा वितरण खर्चहरु | १६ | २७६,५३१,९६३ | २१८,७८१,७६६ |
| ह्रासकट्टी | १ | ४२,७६२,४६५ | ३७,६७४,८४२ |
| **परिचालनबाट भएको नाफा** | | **९६,६४०,४८१** | **४२८,८०७,१८३** |
| सम्पत्ति बिक्रिबाट भएको घाटा/(नाफा) | | ६१३,९०७ | (१,७९४,९५१) |
| जिन्सि सामाग्रीको अपलेखन | | - | ८,७६९,२८६ |
| वित्तिय खर्चहरु | १४ | १५,०४८,२२२ | १२,५५१,३२८ |
| **अन्य सामान्य कर्मचारीहरुको खर्च पूर्वको नाफा** | | **८०,९७८,३५१** | **४०९,२८१,५२०** |
| <u>सामान्य कर्मचारी लाभ खर्च</u> | | | |
| उपदान खर्च | १७ | ३,६१३,३०० | ३,४७८,१९० |
| कर्मचारी बोनस खर्च | | ७,०३३,१८६ | ३६,१०१,६८४ |
| **कर पूर्वको नाफा** | | **७०,३३१,८६५** | **३६९,७०१,६४५** |
| **<u>करसंग सम्बन्धित खर्चहरु</u>** | | | |
| चालु बर्षको कर खर्च | | १९,८९७,४१४ | ११७,१४४,०२४ |
| अघिल्लो समयको कर समायोजन | | - | २,७९२,७७८ |
| डेफर्ड कर खर्च/(आम्दानी) | | १,५६६,३८५ | ८३९,१३६ |
| **यस वर्षको खुद नाफा** | | **४८,८६८,०६६** | **२४८,९२५,७०८** |
| **कम्पनीको साहु प्रति एट्रिवियूटेबल नाफा** | | **४८,८६८,०६६** | **२४८,९२५,७०८** |
| **प्रति शेयरको आधारभुत कमाई (ने.रु)** | | **१२.६७** | **६४.५५** |
| **प्रति शेयरको पातलिएको कमाई (ने.रु)** | | **१२.६७** | **६४.५५** |

वित्तीय विवरणहरु संग सम्वन्धित लेखाका नीति तथा टिप्पणीहरु १८

माथी उल्लेखित अनुसूचिहरु नाफा नोक्सान विवरणका अभिन्न अंग हुन् ।

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

| द | द | द | द |
|---|---|---|---|
| सतिश कर्ण<br>वित्त प्रमुख<br>मिति : २०७४/०७/२९ | शान्तु श्रेष्ठ<br>संचालक | अखिलेश्वर प्रसाद सिंह<br>अध्यक्ष | सि.ए. अशेष राजबाहाक<br>साझेदार<br>जि.पि. राजबाहाक एण्ड कम्पनी<br>चार्टर्ड एकाउण्टेण्टस् |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## अन्य विस्तृत आम्दानीको विवरण

२०७३ श्रावण १ देखि २०७४ आषाढ ३१ (जुलाई १६, २०१६ देखि जुलाई १५, २०१७) सम्म

| विवरण | यस वर्ष(रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| नाफा नोक्सानको विबरण अनुसारको वार्षिक खुद नाफा | ४८,८६८,०६६ | २४८,९२५,७०८ |
| पुन मुल्याङ्कनको फरकबाट आएको जगेडा | | |
| तोकिएको सुविधा योजनाहरुको पुन मुल्याङ्कन | ४७०,९०० | १,९६०,६०० |
| वित्तिय विवरणमा वैदेशिक कारोवारबाट हुने नाफा तथा नोक्सान | | |
| Equity मा लगानीबाट भएको नाफा र नोक्सानलाई अन्य विस्तृत आम्दानी मार्फत उचित मुल्यमा मापन | | |
| The effective portion of gains and losses on hedging instruments in a cash flow hedge. | | |
| For particular liabilities designated as at fair value through profit or loss the amount of the change in the fair value that is attributable to changes in the liability's credit risk. | | |
| **जम्मा अन्य विस्तृत आम्दानी** | ४७०,९०० | १,९६०,६०० |
| **जम्मा विस्तृत आम्दानी** | ४८,३९७,१६६ | २४६,९६५,१०८ |

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

द
सतिश कर्ण
वित्त प्रमुख
मिति : २०७४/०७/२९

द
शान्तु श्रेष्ठ
संचालक

द
अखिलेश्वर प्रसाद सिंह
अध्यक्ष

द
सि.ए. अशेष राजबाहाक
साझेदार
जि.पि. राजबाहाक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

**नगद प्रवाह बिवरण**

**२०७३ श्रावण १ देखि २०७४ आषाढ ३१ (जुलाई १६, २०१६ देखि जुलाई १५, २०१७) सम्म**

| विवरण | यस वर्ष(रु.) | गत वर्ष(रु.) |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर अघिको नाफा/(नोक्सान) | ७०,३३१,८६५ | ३६९,७०१,६४५ |
| **समायोजनः** | | |
| ह्रास कट्टि तथा अपलेखन | ४२,७६२,४६५ | ३७,६७४,८४२ |
| वित्तिय खर्चहरु | १५,०४८,२२२ | १२,५५१,३२८ |
| वित्तिय विवरणमा उल्लेखित उपदान खर्च | ३,६१३,३०० | ३,४७८,१९० |
| स्थिर सम्पत्तिको विक्रीबाट (नाफा)/घाटा | ६१३,९०७ | (१,७९४,९५१) |
| जिन्सी मौज्दातको अपलेखन | - | ८,७६९,२८६ |
| **चालु पूजी परिवर्तन अघिको संचालन नाफा** | **१३२,३६९,७५९** | **४३०,३८०,३४०** |
| **चालू पूजी परिवर्तनको समायोजन** | | |
| जिन्सी मौज्दातमा (बृद्धि)/घटि | (९९,८०७,३८१) | १७,१९८,४६१ |
| व्यपार र अन्य आसामीमा (बृद्धि)/घटि | ८१,१३२,३९२ | ९,५२४,८६७ |
| लामो समयको निक्षेपमा (बृद्धि)/घटि | २३३,६९७ | ३६३,५८९ |
| पुन भुक्तानी, पेश्की र निक्षेपमा (बृद्धि)/घटि | ६,६२५,८०४ | (१८,८७७,९७२) |
| चालु दायित्वमा बृद्धि/(घटि) | (५,८३२,२६२) | (१८४,३२०,९५१) |
| उपदान खर्चको भुक्तानी | (७५६,२६१) | (४,०८३,७६१) |
| आयकरको भुक्तानी | (३५,२४०,७८६) | (१०६,०१३,६४०) |
| **संचालन गतिविधीहरु बाट खूद नगद प्रवाह क** | **७८,७२४,९६२** | **१४४,१७०,९३३** |
| **लगानी गतिविधिहरु बाट नगद प्रवाह** | | |
| स्थिर सम्पति खरिद | (११९,०७३,९८६) | (७५,३४६,५२३) |
| स्थिर सम्पति बिक्री | ४,२४७,९५३ | ६,३९४,१२६ |
| पूजीगत कार्य प्रगतीमा परिवर्तन | १९,१४०,३३१ | ५४,५३२,४१४ |
| **लगानी गतिविधिहरुबाट खूद नगद प्रवाह ख** | **(९५,६८५,७०२)** | **(१४,४१९,९८३)** |
| **वित्तीय गतिविधिहरुबाट नगद प्रवाह** | | |
| सुरक्षित ऋणको भुक्तानी | (१७,९९०,५९१) | (१८,८५०,७३१) |
| हायर पर्चेज ऋण | ८,२७८,७७६ | - |
| छोटो अबधिको ऋणमा बृद्धि/(ह्रास) | ११७,८३४,८४६ | (९४,३०२,५०३) |
| व्याज भुक्तानी | (१६,९७४,६५०) | (१७,८३३,४८५) |
| लाभांश भुक्तानी | (८१,९५५,६४२) | (७९,१३७,८७१) |
| **वित्तीय गतिविधिहरुबाट खूद नगद प्रवाह ग** | **९,१९२,७३९** | **(२१०,१२४,५९०)** |
| **खूद नगद वा सो सरहमा बृद्धि/(ह्रास) क + ख + ग** | **(७,७६८,००२)** | **(८०,३७३,६३९)** |
| नगद वा सो सरहको शुरुको मौज्दात | ११,८८५,६९५ | ९२,२५९,३३२ |
| **नगद वा सो सरहको अन्तिम मौज्दात** | **४,११७,६९५** | **११,८८५,६९५** |

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| द<br>सतिश कर्ण<br>वित्त प्रमुख<br>मिति : २०७४/०७/२९ | द<br>शान्तु श्रेष्ठ<br>संचालक | द<br>अखिलेश्वर प्रसाद सिंह<br>अध्यक्ष | द<br>सि.ए. अशेष राजबाहाक<br>साझेदार<br>जि.पि. राजबाहाक एण्ड कम्पनी<br>चार्टर्ड एकाउन्टेण्टस् |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## पुजी लगानीमा परिवर्तन को विवरण

२०७३ श्रावण १ देखि २०७४ आषाढ ३१ (जुलाई १६, २०१६ देखि जुलाई १५, २०१७) सम्म

रूपैंया

| विवरण | शेयर पुंजी | पुनःमुल्याङ्कन जगेडा | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०७२/०७३ अन्तको बांकी | ३८५,६४५,५०० | - | २२७,१६२,९६९ | - | ६१२,८०८,४६९ |
| आ.व.२०७३/०७४ को नाफा | - | - | ४८,८६८,०६६ | - | ४८,८६८,०६६ |
| आ.व. २०७३/०७४ को अन्य विस्तृत आम्दानी | - | - | (४७०,९००) | - | (४७०,९००) |
| **जम्मा विस्तृत आम्दानी** | - | - | ४८,३९७,१६६ | - | ४८,३९७, १६६ |
| सम्पत्तिहरु पुन मुल्याङ्कनबाट भएको नाफा | - | - | - | - | - |
| शेयर पुंजी जारी | - | - | - | - | - |
